## याद राख्नुहोस्: अग्नि सुरक्षा तपाईंबाट सुरु हुन्छ

भवनवासीहरूले निम्न कुरा ध्यानमा राख्नुपर्छ:

- बाहिर निस्कने माध्यम र बाहिर निस्कने बाटोसँग परिचित हुनुपर्छ;
- आगलागीको समयमा निस्कनको लागि एउटा योजनाको विकास गर्नुपर्छ र एउटा भेला हुने स्थान निर्दिष्ट गर्नुपर्छ;
- भवनले आयोजना गरेको आगलागी रोकथाम सम्बन्धी वार्ताहरू र आगो निभाउने अभ्यासहरूमा भाग लिनुपर्छ;
- आगलागीको समयमा निस्कने बाटोहरू (मटान र भऱ्याङ सहित) अवरोध रहित छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ;
- धुवाँ रोक्ने ढोकाहरू, भुइँ तलाको बाहिर निस्कने ढोकाहरू र छतको बाहिर निस्कने ढोकाहरूमा ताला लगाइएको छैन भन्ने कुरा सुनिश्चित गर्नुपर्छ;
- आगलागी भएको स्थितिमा धुवाँ र आगोलाई फैलनबाट रोक्न र क्षतिलाई कम गर्न धुवाँ रोक्ने ढोकाहरूलाई बन्द राख्नुपर्छ;
- 2723 8787मा कल गरेर आगलागीको कुनैपनि जोखिमको बारेमा अग्नि सेवा विभागलाई रिपोर्ट गर्नुपर्छ।

अग्नि सेवा विभाग

# आगलागीको

# समयमा निस्कने बाटो



(尼泊爾)

# आगलागीको समयमा निस्कने एउटा राम्रो योजनाले तपाईंको जीवन बचाउन सक्छ!





## यदि तपाईंको युनिटमा आगलागी भयो भने

- नआत्तिनुहोस्;
- तपाईंको युनिटमा रहने सबै जनालाई बाहिर जान भन्नुहोस्;
- सबैभन्दा नजिकको भऱ्याङबाट बाहिर निस्कनुहोस्;
- अग्नि चेतावनी घण्टीलाई सक्रिय बनाउन माटनमा रहेको ब्रेकग्लास एकाइलाई फोड्नुहोस्;
- तपाईं सुरक्षित भएपछि आगलागीको बारेमा रिपोर्ट गर्न "999" मा कल गर्नुहोस्।

## जब तपाईंले अग्नि चेतावनी घण्टीको आवाज सुनुहुन्छ तब

- प्रतिक्रिया जनाउनुहोस् र शीघ्र गर्नुहोस्;
- यदि अवस्थाले दिन्छ भने युनिटमा नै रहनुहोस्। यदि त्यहाँ आगलागी भएको छ भने, अग्नि सेवा विभागलाई सूचित गर्न "999" मा कल गर्नुहोस् र निम्न उपायहरू अपनाउनुहोस्:



## युनिट छोड्नु अगाडि

- युनिटबाट बाहिर निस्कनुको जोखिमको मूल्याङ्कन गर्नुहोस्;
- युनिटमा नै रहने वा बाहिर निस्कने भन्ने बारेमा तुरुन्त फैसला गर्नुहोस्।

## यदि तपाईंले युनिटमा नै रहने निर्णय गर्नुभयो भने



- ढोका बन्द गर्नुहोस् र यसको वरिपरि रहेका कुनैपनि प्वालहरूलाई डक्ट टेप र तौलियाहरूले बन्द गर्नुहोस्;
- यदि धुवाँ युनिट भित्र प्रवेश हुन जारी रहन्छ भने, "999" मा कल गर्नुहोस् र तपाईं कहाँ फस्नुभएको छ भन्ने कुराको बारेमा अग्नि सेवा विभागलाई सूचित गर्नुहोस्;
- धुवाँ रहित कोठामा सर्नुहोस्;
- बार्दलीमा वा झ्यालको नजिक खाटको तन्ना झुण्डाएर वा तौलिया हल्लाएर अग्नि कर्मचारी विभागलाई आफ्नो स्थान देखाउनुहोस्।



## यदि तपाईंले युनिटबाट निस्कने निर्णय गर्नुभयो भने

- आफ्नो साथमा आगलागीको समयमा निस्कनको लागि काम लाग्ने तीनवटा उपयोगी वस्तुहरू (मोबाइल फोन, चाबीहरू र भिजेको तौलिया) ल्याउनुहोस्;
- यदि मटान धुवाँ रहित छ भने, तुरुन्त युनिटबाट निस्कनुहोस्;
- युनिटको ढोका बन्द गर्नुहोस्;
- सबैभन्दा नजिकको भऱ्याङबाट बाहिर निस्नुहोस् र लिफ्ट प्रयोग नगर्नुहोस्;
- यदि भऱ्याङमा धुवाँ छ भने, तुरुन्त अर्को भऱ्याङबाट बाहिर निस्कनुहोस्;
- यदि सुरक्षित निकास भएको कुनैपनि भऱ्याङ छैन भने, आफ्नो युनिटमा फर्कनुहोस् वा आश्रय लिन एउटा सुरक्षित स्थान नभेट्टाउँदासम्म अन्य युनिटहरूको ढोका ढकढक्याउने प्रयास गर्नुहोस्;
- यदि धुवाँले तपाईंको बाटो छेकिरहेको छ भने, भुइँमा घिस्रेर अगाडि बढ्नुहोस् किनभने जमीनको नजिक हावा अझ ताजा हुन्छ।